# प्रदेश लोक सेवा आयोग

## कोशी प्रदेश, विराटनगर, नेपाल

**विषयः प्रदेश लोक सेवा आयोग, कोशी प्रदेशप्रति लक्षित गुनासा उजुरी सम्बन्धमा स्पष्ट गरिएको सम्बन्धी प्रेस विज्ञप्ति**

प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको संगठित संस्थाको सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु तथा प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुने व्यवस्था प्रदेश लोक सेवा आयोग ऐन, २०७६ ले गरेको छ। आयोगले उल्लिखित कार्य सम्पादनका लागि पाठ्यक्रम तर्जुमा, विज्ञापन प्रकाशन, प्रश्नपत्र तयारी र परिमार्जन, परीक्षा सञ्चालन, लिखित परीक्षा नतिजा प्रकाशन तथा अन्तर्वार्ता तथा सिफारिस आदि कार्यका अतिरिक्त कानून बमोजिम परामर्श सम्बन्धी कार्य गर्ने गरेको छ। आयोगले कार्यसम्पादन गर्दा योग्यता, निष्पक्षता, परिचय शून्यता, स्वच्छता, असंलग्नता, समान अवसर, गोपनियता, समावेशिता तथा द्विअन्ध सिद्धान्त जस्ता आधार र सिद्धान्तहरू अवलम्बन गर्दछ।

विगत केही समय यता विभिन्न व्यक्तिहरूले सामाजिक सञ्जाल, निवेदन, हेलो सरकार प्रणाली तथा अन्य माध्यमबाट आयोगले विज्ञापन प्रकाशन गर्दा प्रदेश तथा स्थानीय तहलाई अलग-अलग नगरी एकमुष्ट गरी उम्मेदवारको छनोटको अवसरलाई सङ्कुचित गरेको, वहालवाला कर्मचारीको हित हेरी करारका कर्मचारीलाई सीमित प्रतियोगिताबाट स्थायी गर्न खोजिएको, बढुवा तर्फको मात्र विज्ञापन प्रकाशन गरेको, बढुवा तर्फको कारवाही ढिलाई गरी खुला तर्फलाई प्राथमिकता दिएको, मितव्ययी र पारदर्शी तरिकाले काम नगरेको आदि जस्ता विविध गुनासा तथा उजुरी गरेको सन्दर्भमा आयोगको ध्यानाकर्षण भएको छ।

आयोगले समान शैक्षिक लगायतका योग्यता आवश्यक हुने पदहरूको पाठ्यक्रम निर्माण गर्दा समय व्यवस्थापन तथा मितव्ययी एवं परीक्षा प्रणालीमा सहभागी उम्मेदवारलाई समेत सहजता हुने किसिमले एकीकृत तथा संयुक्त परीक्षा प्रणाली अन्तर्गत एकै पटक वा छुट्टाछुट्टै परीक्षा लिन सकिने गरी पाठ्यक्रम तयार गरी आयोगको वेवसाइटमा प्रकाशन गरी सोही बमोजिम विज्ञापन प्रकाशन हुने, विज्ञापन अनुसार परीक्षा सञ्चालन लगायतका काम कारवाही अगाडि बढाइने गरेको व्यहोरा विदितै छ। संयुक्त र एकीकृत परीक्षा प्रणाली मार्फत आयोगले आफ्नो पदपूर्ति प्रक्रिया अघि बढाउँदा विज्ञापन प्रकाशनदेखि सिफारिससम्मका विभिन्न चरणहरूमा गरिने विभिन्न कार्यहरूमा दोहोरोपन हट्न गई पदपूर्तिका लागि गरिने आयोगको क्रियाकलाप शीघ्र सम्पन्न भई प्रदेश र स्थानीय सरकारका निकायहरूले समयमै जनशक्ति प्राप्त गर्ने सकारात्मक अवस्था एकातिर सिर्जना भएको छ भने अर्को तर्फ परीक्षार्थीले एकै प्रकारको पदमा पटक पटक परीक्षा दिइरहनु पर्ने अवस्था नहुँदा परीक्षार्थीको श्रम, समय र स्रोतमा सहुलियत समेत हुन पुग्दछ। यसरी संयुक्त रुपमा विज्ञापन प्रकाशन गरी परीक्षा सञ्चालन गरिएको भएता पनि परीक्षार्थीहरूले आफूले रोजेको प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा, समूह, उपसमूह र पदमा योग्यताक्रम तथा रोजाइको प्राथमिकताका आधारमा नियुक्तिका लागि सिफारिस हुन पाउने नै हुँदा परीक्षार्थीहरूले उक्त विषयमा कुनै सन्देह राख्नु पर्ने अवस्था रहँदैन।

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ऐनको दफा १६ को खण्ड (ग) को उपखण्ड (३) मा *“स्थानीय तहमा कर्मचारी समायोजन हुँदाका वखत स्वीकृत दरबन्दी मध्ये पदपूर्ति गर्नुपर्ने रिक्त दरबन्दीमा अस्थायी, करार नियुक्ति भई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ हुँदाका बखतसम्म सेवामा अविच्छिन्न रुपमा कार्यरत रहेका र न्यूनतम शैक्षिक योग्यता हासिल गरेका स्थानीय सरकारी सेवाका अस्थायी, करार कर्मचारीलाई यो ऐन प्रारम्भ भएपछि प्रदेश लोक सेवा आयोगबाट एक पटकका लागि त्यस्ता कर्मचारीहरू मात्र सहभागी हुन पाउने गरी विज्ञापन प्रकाशन गरिनेछ। उक्त विज्ञापनमा उम्मेदवार हुन त्यस्ता कर्मचारीलाई उमेर हद लाग्ने छैन”* भन्ने कानूनी व्यवस्था भएको हुँदा उक्त कानूनी व्यवस्था कार्यान्वयनका लागि आयोगले मिति २०८१/४/३ गते “स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन ) ऐन, २०८० को दफा १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिम विज्ञापन प्रकाशन गर्ने सम्बन्धी कार्यविधि-२०८१” जारी गरी त्यस्ता कर्मचारीहरूको वर्तमान अवस्था चित्रण गर्न हाल विवरण संकलन गरिएको हो। यो ऐनमा उल्लिखित व्यवस्थाको कार्यान्वयनका सन्दर्भमा भएको पूर्व तयारीको कार्य मात्र हो।

कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ मा प्रदेश वा स्थानीय तहको सेवाका लागि दफा ३ बमोजिम कायम गरिएको दरवन्दीमा दफा ६ र ७ बमोजिम समायोजन गर्दा समेत त्यस्तो दरबन्दी पूर्ति हुन नसकेमा सम्बन्धित प्रदेश वा स्थानीय तहले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत लोक सेवा आयोगमा माग पठाइ लोक सेवा आयोगले मिति २०७६ जेठ १५ मा प्रतिशत निर्धारण गरी पदपूर्ति प्रकिया अगाडि बढाएको थियो। त्यसरी प्रतिशत निर्धारण गर्दा बढुवा तर्फको पदपूर्ति गर्न बढुवा समिति सम्बन्धी कानूनी व्यवस्था भइ नसकेको र बढुवाको कार्य लोक सेवा आयोगको नभएकोले आयोगले यसरी प्रतिशत निर्धारण गरी आयोगको वुलेटिनमा प्रकाशन गरी सम्बन्धित स्थानीय तहलाई पद सुरक्षित राख्न लेखी पठाएको तथा ती पदको

बढुवा प्रक्रिया स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० जारी भए पश्चात् स्थानीय तहका बढुवा तर्फ प्रतिशत छुट्याइ पदपूर्ति गर्न बाँकी रहेका पदहरूको बढुवा प्रक्रिया प्रदेश लोक सेवा आयोगले अगाडि बढाइएको हो। यसरी कानून बमोजिम विगत आ.व.हरूमा प्रतिशत निर्धारण भई खुला तर्फ छुट्टिएका पदहरूको पदपूर्ति कार्य सम्पन्न भएको तर बढुवा तर्फको बाँकी पदहरूमा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ८ को उपदफा २१ बमोजिम कायम गरी दफा ३८ को उपदफा (६) बमोजिम पदपूर्ति प्रयोजनार्थ आयोगबाट भएको बढुवाको विज्ञापनका विषय खुला तर्फका उम्मेदवारहरूको सरोकारको विषय नभएको तथा त्यस्ता उम्मेदवारको हितमा कुनै आघात पुऱ्याउने कार्य समेत नभई नियमानुसार बढुवा प्रक्रिया अगाडि बढाइएको हो।

आयोगले विज्ञापन प्रकाशन गर्दा हरेक वर्ष साउन महिनामा वार्षिक कार्यतालिका प्रकाशन गरी सोही बमोजिम पदपूर्तिका लागि माग भएका रिक्त पदको प्रचलित कानून बमोजिम प्रतिशत निर्धारण गरी विज्ञापन प्रकाशन गर्ने र विज्ञापनको क्रम अनुसार परीक्षा सञ्चालन, लिखित नतिजा प्रकाशन, अन्तर्वार्ता तथा सिफारिसको कार्य सम्पादन गर्नु पर्ने हुन्छ र सोही अनुरुप आयोगबाट कामकारवाही भइरहेको पनि छ। लिखित परीक्षाको माध्यमबाट पदपूर्ति हुने पदको कार्य आयोगले र बढुवा मार्फत हुने पदपूर्तिको कार्य बढुवा समितिबाट हुने हुन्छ। यी निकायले आ-आफ्नो कार्य जिम्मेवारी विज्ञापनको क्रम अनुसार समानान्तर रुपमा हुँदै जाने हो कुनै विज्ञापनलाई अगाडि सम्पन्न गर्ने वा पछाडि गर्नु भन्ने कानूनी व्यवस्था नभए नरहेको अवस्थामा आ-आफ्नो क्रममा हुने हो भन्ने कुरा बुझ्न जरुरी छ। कुनै विज्ञापन अदालतमा विचाराधीन रहेको वा अन्य कुनै प्रक्रिया पूरा हुन बाँकी रहेको अवस्थामा बाहेक विज्ञापनको क्रम अनुसार नै प्रक्रिया अगाडि बढाइएको हुन्छ, कुनै कारणले कुनै विज्ञापनको प्रक्रिया रोकिएमा अरू विज्ञापनको प्रक्रिया रोकी पाउँ भन्न मिल्ने होइन। आफ्नो हकको सुरक्षा गर्दा अरु उम्मेदवारको हकमा विना कारण आघात पुऱ्याउने अधिकार कसैलाई नहुने विषयमा हेक्का राख्न आवश्यक देखिन्छ। आयोगले मिति २०८०/३/११ गते प्रकाशित अधिकृत सातौं तहको विज्ञापनका सन्दर्भमा बढुवा तर्फको आयोगमा दर्ता भएका दरखास्त बढुवा मार्फत पदपूर्ति गर्ने प्रयोजनका लागि बढुवा समितिको सचिवालयमा पठाइ सकेको छ। बढुवा समितिले सम्पादन गर्नुपर्ने बढुवा प्रक्रिया सम्बन्धी कार्य यथासमयमा नै सम्पन्न गर्नेछ भन्ने कुरामा आयोग विश्वस्त छ।

आयोगले खुला तर्फको लिखित नतिजा प्रकाशन तथा अन्तर्वार्ता कार्यक्रम सञ्चालन गरिरहेकोमा सम्मानित सर्वोच्च अदालत र उच्च अदालतबाट भएका विभिन्न आदेश बमोजिम उक्त कार्य स्थगित राख्नु पर्ने अवस्था सिर्जना भएको हो। लिखित परीक्षा तथा बढुवा प्रक्रियाबाट समेत पदपूर्ति प्रक्रिया शीघ्र सम्पन्न होस् भन्ने अभिप्रायले आयोगले सम्मानित अदालतमा पदपूर्ति सम्बन्धी रिट निवेदनलाई अग्राधिकार दिई पुर्पक्ष गरिदिन निवेदन माग समेत गरेको छ। सम्मानित अदालतहरूबाट थप आदेश प्राप्त भएपछि आदेश बमोजिम बाँकी प्रक्रिया शीघ्र अगाडि बढ्ने नै हुँदा यसमा आयोगप्रति कुनै गुनासो राख्नु पर्ने अवस्थाको विद्यमानता रहेको देखिँदैन र प्रक्रिया अगाडि बढाउन मिल्ने अवस्था हुनासाथ आयोगले शीघ्र प्रक्रिया अगाडि बढाउने नै छ। आयोगले प्रचलित कानून बमोजिम पदपूर्ति गर्नुपर्ने विगतका तथा नियमित सबै विज्ञापन सम्बन्धी कार्य यसै आर्थिक वर्षभित्रै सम्पन्न गर्ने लक्ष्यका साथ काम गरिरहेको छ।

प्रदेश लोक सेवा आयोगमा कुनै विषयमा गुनासो वा जिज्ञासा रहेमा सोको सम्बोधन गर्न प्रवक्ता, गुनासो सुन्ने अधिकारी तथा सूचना अधिकारीको व्यवस्था समेत मिलाइएको छ। कुनै खास विषयमा गुनासो वा जिज्ञासा भएमा प्रवक्ता वा गुनासो सुन्ने अधिकारी वा सूचना अधिकारीसँग सम्पर्क गरी जानकारी लिन सक्नु हुनेछ। प्रदेशको एक मात्र संवैधानिक निकाय तथा कर्मचारीहरूको अभिभावक संस्था प्रदेश लोक सेवा आयोगको गरिमामा आँच आउने र भ्रम सिर्जना गर्ने खालका समाचार, सन्देश वा कुनै विषय प्रसारण तथा प्रकाशन गर्नु कसैको हितमा नरहेकोले यस्ता कार्य नगर्नु नगराउनु हुन समेत सम्बन्धित सबैमा अपील गर्दछौं। साथै त्यस्ता सूचना तथा समाचारको पछाडि नलाग्न समेत सम्बन्धित सबैमा आयोग हार्दिक अनुरोध गर्दछ।

प्रकाश गुरुङ्ग<br>
(उपसचिव)<br>
प्रवक्ता